## कार्यपालिका बैठक नं. २ आ.व.२०८२- ०८३ (२०८२/०५/०४)

आज मिति २०८२/०५/०४ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव<br>नि. प्रशा. अधिकृत | बुद्धिराम बस्नेत<br>शर्मिला अधिकारी | — |
| १६ | प्रशा. सहायक | अपेक्षा श्रेष्ठ चुमान | |
| १७ | का. सहयोगी | बिमला ढकाल | |

**कार्यपालिका बैठक नं. २, आ.व.२०८२/०८३ (२०८२/०५/०४) का प्रस्तावहरु :**

१. समिक्षा सम्वन्धमा ।

२. आँबुखैरेनी गाउँपालिकाको दररेट निर्धारण सम्वन्धमा ।

३. घर कायम/अभिलेखीकरण सम्बन्धमा ।

४. अभिलेखीकरण सम्वन्धमा ।

५. आयोजनाहरुको बोलपत्रहरु/दरभाउपत्रहरु आव्हान सम्वन्धमा ।

६. औधोगिक ग्राम सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा ।

७. विद्यालय कार्यालय सहयोगी सरुवा सम्वन्धमा ।

८. भुक्तानी सम्वन्धमा ।

९. कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

१०. योजना कार्यक्रम सम्वन्धमा ।

क) हरितालिका तिज कार्यक्रम

ख) उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि तालिम कार्यक्रम ।

ग) आँधिमुल मन्दिर परिशरमा पुष्प बगैचा स्थापना कार्यक्रम ।

११. हाटबजारा विस्तार सम्वन्धमा ।

१२. विविध सम्वन्धमा ।

Scanned with CamScanner

**कार्यपालिका बैठक नं. २, आ.व.२०८२/०८३ (२०८२/०५/०४) का निर्णयहरु :**

**१. समीक्षा सम्बन्धमा ।**

**क)** अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो ।

**ख)** यस आँबुखैरेनी गाउँपालिका अन्तर्गत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य संस्थाहरुबाट पेश हुन आएको श्रावण महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**ग)** प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको श्रावण महिनाको आम्दानी खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**२. आँबुखैरेनी गाउँपालिकाको दररेट निर्धारण सम्बन्धमा ।**

आँबुखैरेनी गाउँपालिकाको दररेट निर्धारण समितिद्वारा आर्थिक वर्ष २०८२/०८३ का लागि निर्धारित निर्माण सामग्री, ज्याला र ढुवानीको दररेटलाई आर्थिक वर्ष २०८२/०८३ को लागि कार्यान्वयनमा ल्याउने र उक्त दररेटमा समावेश नभएका आइटमहरु प्रयोग गर्नुपर्ने भएमा कोटेशनबाट प्राप्त हुने न्यूनतम दररेटलाई समेत आधार लिने निर्णय गरीयो ।

**३. घरकायम/अभिलेखीकरण गर्ने सम्बन्धमा ।**

यस गाउँपालिका क्षेत्रभित्र नक्सा पास नगरी बनेका (पूर्वनिर्मित) पक्की भवनहरु तथा नक्शापास गरी निर्माण गरिएको भएतापनि निर्धारित म्याद भित्र निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गर्न नसकेका साथै यस अघि पटक पटक घरनक्शा अभिलेखिकरणको सूचना आव्हान गर्दा समेत अभिलेखिकरण हुन नआएका पक्की भवनहरुलाई अन्तिम एक पटक (सूचना प्रकाशन भएको मितिले ६० दिन भित्रमा) अभिलेखिकरणको अवसर दिएर घरनक्शा अभिलेखिकरण गर्ने साथै सो का लागि आवश्यक एज बिल्ट नक्शा (पूर्वनिर्मित भवनहरुको नक्शा) समेत गाउँपालिकाले निशुल्क तयार गरिदिने व्यवस्था मिलाउने निर्णय गरीयो । साथै अभिलेखिकरणका लागि तपशिलको दररेट कायम गर्ने निर्णय गरियो ।

**तपशिल :**

६८ साल भन्दा अगाडिको पुरानो घर : रु.६ (प्रति वर्गफिट)

६८ साल भन्दा पछाडी निर्माण भएको पुरानो घर : रु.७ (प्रति वर्गफिट)

नयाँ घर : रु.५ (प्रति वर्गफिट)

**४. अभिलेखीकरण सम्बन्धमा ।**

नक्शापास नभएका, मापदण्ड भित्र परेका, २५ मिटर बाटोक्षेत्र भित्र पर्ने, ऐलानी सार्वजनिक जग्गामा निर्माण भएका घरहरुको अभिलेखिकरण गर्ने निर्णय गरीयो ।

**५. आयोजनाहरुको बोलपत्रहरु/दरभाउपत्रहरु आव्हान सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको कार्यालयले चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन गर्नुपर्ने तपशिलका आयोजनाहरुको लागत अनुमान र बोलपत्र सम्बन्धी कागजातहरु स्वीकृत गर्ने निर्णय गरीयो । साथै तल उल्लिखित आयोजनाहरुको लागि तपशिलमा उल्लेख भए बमोजिको स्वीकृत लागत अनुमान बमोजिमको बजेट रकम चालु आ.व.०८२/८३ को वार्षिक बजेटमा अपुग भएको रकम चाल आ.व.२०८२/०८३ कै हिउँदे अधिवेशनबाट सुनिश्चित गर्ने गरी तपशिलका आयोजनाहरुको हार्डकपी बोलपत्रहरु/दरभाउपत्रहरु आव्हान गरी तत्काल कार्यान्वियन गर्न पूर्वाधार विकास तथा भवन नियमन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | आयोजनाको विवरण | लागत अनुमान |
|---|---|---|
| १ | ढकालटार खानीखोला सडक कल्भर्ट र कालोपत्रे आयोजना | ४०,००,००० |
| २ | लाब्दी-छिम्केश्वरी सडक स्तरोन्नती आयोजना | ३२,००,००० |
| ३ | गाउँपालिका गेटदेखि फ्याक्ट्रीचोक सम्म सडक स्तरोन्नती आयोजना | ३०,००,००० |
| ४ | कुसुमबारी-पौवा-खोलागाउँ सडक ढलान आयोजना | ५५,००,००० |

Scanned with CamScanner

| | | |
|---|---|---|
| ५ | बराही कृषि सडक स्तरोन्नती आयोजना | १५,००,००० |
| ६ | ऐना पहरामा भौतिक पूर्वाधार निर्माण आयोजना | १५,००,००० |

**६. औधोगिक ग्राम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. २, एक्लेफाँटमा कुल क्षेत्रफल ९९-५-३-३ (नक्सा नं. ३/ख, कित्ता नं. ६०५ र ६०७) मा यस गाउँपालिकाद्वारा सञ्चालनमा रहेको औधोगिक ग्राममा नीजि क्षेत्रबाट पूर्वाधार विकास गरी सञ्चालन तथा व्यवस्थापन गर्ने गरी इच्छुक नीजि निकाय, व्यक्ति वा फर्मबाट मनाशय पत्र (प्रस्ताव) माग गरी सो को मुल्याङ्कन बाट योग्य नीजि क्षेत्र छनौट गरी सञ्चालन र व्यवस्थापन गर्ने जिम्मा दिन आवश्यक देखिएकोले सार्वजनिक सूचना आव्हानद्वारा प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

**७. विद्यालय कार्यालय सहयोगी सरुवा सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं.३ स्थित रामशाह माध्यमिक विद्यालयमा विद्यार्थी संख्या धेरै भएको साथै रामशाह माध्यमिक विद्यालयले गाउँपालिकाद्वारा सञ्चालित विद्यालय वस सञ्चालन गर्ने भएको हुँदा विद्यालय वसमा सहचालकको आवश्यकता पर्ने भएकोले यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ स्थित आँबु आधारभुत विद्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत अन्जली थापालाई आँबुखैरेनी गाउँपालिका वडा नं. ३ स्थित रामशाह माध्यमिक विद्यालयमा सरुवा गर्ने निर्णय गरियो ।

**८. भुक्तानी सम्बन्धमा ।**

**क) इन्धन खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका कार्यालयमा रहेको गाउँपालिका भित्रको फोहोर संकलन, आँबुखैरेनी अस्पताल प्रयोजनार्थ एम्बुलेन्स सञ्चालन तथा कार्यालयको कामकाजको लागि विभिन्न मितिमा जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न स्थानहरुमा जाने प्रयोजनको लागि प्रयोग गरेबापत पालिकाको सवारी साधनमा प्रयोग गरेका इन्धन उपलब्ध गराए बापतको श्रावण महिनामा जम्मा खर्च रकम रु.- ३,२८,९९७ /- अक्षररुपी तीन लाख अट्ठाइस हजार नौ सय सन्तानब्बे रुपैया मात्र ।)भुक्तानीको लागि पेश भएको निवेदन उपर छलफल गरि गाउँकार्यपालिकाको स्वीकृत इन्धन खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**९. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा सेवाग्राहीहरुको चाप बढेसँगै विभिन्न सेवाहरु पनि थप तथा सञ्चालन गरेसँगै अस्पतालमा मौजुदा जनशक्तिबाट मात्र सेवा प्रवाह गर्न समस्या भएको कारण सेवाप्रवाह सहजीकरणको लागि अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम सिफारिस भएकोमा अर्को व्यवस्था नभईन्जेल सम्मको लागि तपशिल बमोजिमका सोहि कर्मचारीहरुलाई भाद्र १ गतेदेखि लागु हुनेगरी असोज मशान्त सम्म (२ महिनाको लागि) तपशिलको सेवा सुविधा उपलब्ध गराउने गरी दैनिक ज्यालादारी पदमा कामकाज गराई सेवा प्रवाह सहजीकरण तथा व्यवस्थापन गर्ने निर्णय गरीयो ।

**तपशिल :**

| क्र.सं. | कर्मचारीको नामथर | पद | सेवा सुविधा |
|---|---|---|---|
| १. | यस्मी गुरुङ | स्टाफ नर्स | २०,०००/- |
| २. | देवी वि.क. | सरसफाईकर्मी | १२,०००/- |

**१०. योजना तथा कार्यक्रम सम्बन्धमा ।**

**क) हरितालिका तीज कार्यक्रम सम्बन्धमा ।**

हिन्दु नारीहरुको पर्व हरितालिका तिजको अवसरमा सँस्कृति परम्पराको संरक्षण तथा नारी जागरण, सचेतना प्रयोजनार्थ तिज गीत तथा नृत्य प्रतियोगीता सञ्चालन गर्नको लागि बजेट माग भएकोले गाउँकार्यपालिकाको स्वीकृत हरितालिका तीज कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी हुनेगरी तपशिल बमोजिम विनियोजन गर्ने निर्णय गरीयो ।

**तपशिल :**

अकलो बराही आमा समुह : ५०,०००/- (अक्षररुपी पचास हजार रुपैंया मात्र ।)

आँबुखैरेनी सँस्कृती संरक्षण मञ्च : ५०,०००/- (अक्षररुपी पचास हजार रुपैंया मात्र ।)

Scanned with CamScanner

ख) उपभोक्ता समिति क्षमता अभिवृद्धि तालिम सम्बन्धमा ।

यस आँबुखैरेनी गाउँकार्यपालिकाद्धारा आर्थिक वर्ष ०८२/८३ को लागी स्वीकृत योजना तथा कार्यक्रमहरु नियमसंगत, प्रक्रियागत तथा गुणस्तरीय तवरबाट सञ्चालन गरी सहज तथा व्यवस्थित ढंगबाट सम्पन्न गर्नको लागि सम्बन्धित उपभोक्ता समितिहरुलाई योजना कार्यक्रम सञ्चालन सम्बन्धी क्षमता अभिवृद्धि तालिम तपशिल बमोजिम सम्पुर्ण वडाहरुमा सञ्चालन गर्ने निर्णय गरीयो ।

तपशिल :

| मिति | वडा नं. | स्थान | समय |
|---|---|---|---|
| २०८२ भदौ १५ गते | १ | वडा कार्यालय प्राङ्गण | विहान ठीक ११ बजे |
| २०८२ भदौ १६ गते | २, ३ | गाउँपालिका सभाहल | ,, |
| २०८२ भदौ १७ गते | ४ | वडा कार्यालय | ,, |
| २०८२ भदौ १८ गते | ५ | ,, | दीनको ठीक १ बजे |
| २०८२ भदौ १९ गते | ६ | ,, | ,, |

ग) आँधिमुल मन्दिर परिशरमा पुष्प बगैचा स्थापना कार्यक्रम सम्बन्धमा ।

आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष ०८२/८३ मा कृषि विकास शाखातर्फको स्वीकृत आँधिमुल मन्दिर परिशरमा पुष्प बगैचा स्थापना कार्यक्रम अन्तर्गत आँधिमुल मन्दिर परिशरमा विभिन्न किसिमका आलङ्कारीक विरुवा रोपणा, बगैचा सरसफाई तथा रेखदेख कार्य गर्नका लागि कृषि विकास शाखाको समन्वयमा आवश्यक्ता अनुसार विभिन्न समयमा डोर हाजिरीमा २ जना कामदार लगाउने निर्णय गरीयो ।

११. हाटबजार विस्तार सम्बन्धमा ।

आँबुखैरेनी गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम स्थानीय उत्पादनमा वृद्धि, बजारीकरण गरी कृषकहरुको आर्थिक उपार्जनमा सहयोग पुर्‍याउने उदेश्यका साथ प्रत्येक शुक्रबार हाटबजार सञ्चालन गरीरहेकोमा स्थानीय कृषकहरु, उपभोक्ताहरु तथा सम्बन्धित टोल विकास सँस्थाहरुको माग बमोजिम प्रत्येक सोमबार सञ्चालन हुनेगरी आँबुखैरेनी २ स्थित सिद्धी गणेश टोल (पुरानो बसपार्क) क्षेत्रमा हाटबजार विस्तार गर्ने निर्णय गरीयो

१३. विविध सम्बन्धमा ।

क) अटो सवारी नामसारी सम्बन्धमा ।

आर्थिक वर्ष ०७६/७७ मा जारी भएको अटो ना.२ ह.५७५७ को अटो श्री विजय गुरुङको नाममा नामसारी भई आएकोमा निजबाट समेत ब्लुबुकमा नामसारी भई उदय बहादुर दर्लामीको नाममा नामसारी भएको र हाल राम बहादुर गुरुङको नाममा ब्लुबुक नामसारी भएको हुँदा पालिका कार्यालयबाट राम बहादुर गुरुङको नाममा कायम गर्नेगरी आवश्यक कार्य गर्न पालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

ख) अनुमति दिने सम्बन्धमा ।

यस आँबुखैरेनी गाउँपालिका वडा नं १ निवासीद्धय मेहर सिं थापा मगर र यक बहादुर मगरले निजहरुको नाममा दर्ताश्रेस्ता कायम रहेको क्रमश: साविक सत्रसय आँबु, न.नं.१/९०, कित्ता नं.११५ को ८.२.२.० क्षेत्रफल र साविक सत्रसय आँबु न.नं.१/९०, कित्ता नं.११६, ८.२.३.० क्षेत्रफलको जग्गा कृषि प्रयोजनको लागि सहज गराउन भिरालो भएको कारण चक्लाबन्दी गर्न अनुमति दिन भनि यस कार्यालयमा पेश भएको निवेदन उपर छलफल गरी निजहरुको निवेदन बमोजिम कृषि प्रयोजन सहजीकरण गर्ने उदेश्यका साथ उक्त क्षेत्रफलको जग्गा चक्लाबन्दी गर्न अनुमति दिने निर्णय गरीयो । साथै उक्त चक्लाबन्दीको क्रममा निस्किएका ढुंगाहरु गाउँपालिकाको कार्यालयमा नियमबमोजिमको राजश्व बुझाएबापत प्रयोग गर्न दिने निर्णय गरीयो ।

Scanned with CamScanner